सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
# शिक्षा तालिम केन्द्र
दिपायल, डोटी

फोन:०९४-४१२०३४
इमेल:etcsupa@gmail.com
वेवसाइट:etc.sudurpashchim.gov.np

पत्र संख्याः २०८२/०८३
चलानी नम्बरः ६३५
मितिः २०८३/०२/१९

विषयः- एक महिने प्रमाणीकरण तालिम सम्वन्धमा ।

श्री श्री नगर कार्यपालिकाको कार्यालय शिखर नगरपालिका, डोटी।
श्री गाउँ कार्यपालिकाको कार्यालय गन्यापधुरा गाउँपालिका, डडेल्धुरा।

उपरोक्त विषयमा यस केन्द्रको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम (प्रारम्भिक बालविकास तथा शिक्षाको प्रवद्धन कार्यक्रम) अनुसार बालविकास शिक्षकहरुका लागि शिक्षक पेशागत विकास प्रारुप, २०८० बमोजिम एक महिने (१५ दिन तालिम केन्द्रमा आधारित) शिक्षक पेसागत विकास (टिपिडी) प्रमाणीकरण तालिम कार्यशाला तपसिल बमोजिमको स्थान, मिति, र समयमा सञ्चालन हुने भएकाले उल्लिखित कोटा सङ्ख्या तथा छनौटका आधारमा शिक्षक छनौट गरी सहभागी गराईदिने व्यवस्थाका लागि अनुरोध छ ।

२०८३।०२।१९
कुमारी निर्मला ठगुन्ना
राष्ट्रियता न्युनतम निर्देशक

**छनौटका आधारहरुः**

१. बालविकास केन्द्रमा कम्तिमा १५ जना बालबालिका हुनुपर्ने,
२. बालविकास कक्षा कोठाको भौतिक अवस्था प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्युनतम मापदण्ड २०६७ अनुसार भएको हुनुपर्ने,
३. सम्बन्धित बालविकास शिक्षकको शैक्षिक योग्यता शिक्षा विषयमा १२ कक्षा उतीर्ण भएको हुनुपर्ने ।
४. प्रदेश सरकार वा अन्य तहका सरकारबाट नमुना बालविकास केन्द्रको रुपमा छनौट भई अनुदान प्राप्त नगरेको हुनुपर्ने ।
५. शिक्षा तालिम केन्द्रबाट टिपिडी प्रमाणीकरण तालिम नलिएको हुनुपर्ने ।

**तपसिलः**

मितिः २०८३/०२/२५ गतेदेखि २०८३/०३/०८ गतेसम्म ।
समयः बिहान १०:०० बजेदेखि ।
स्थानः शिक्षा तालिम केन्द्र, दिपायल, डोटी ।

| सि.न. | जिल्ला | स्थानीय तह | कोटा |
|---|---|---|---|
| १. | डोटी | शिखर नगरपालिका | १३ |
| २. | डडेल्धुरा | गन्यापधुरा गाउँपालिका | १३ |
| कूल जम्मा | | | २६ जना |

**नोटः** सहभागीलाई १५ दिनको निर्वाह खर्च बापत दैनिक रु १००० तथा आतेजाते बापत यातायात खर्च र दैनिक तथा भ्रमण भत्ता उपलब्ध हुनेछ ।सबै सहभागीले नियुक्तिपत्र र नागरिकताको प्रतिलिपि साथमा लिई आउनुपर्नेछ ।

बोधार्थः सामाजिक विकास मन्त्रालय, धनगढी, कैलाली -अनुगमन तथा निरीक्षणका लागि सादर अनुरोध छ ।

दुर्गा कार्की
वरिष्ठ शिक्षा सहायक

CamScanner